आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मिति : २०७५/०७/१९

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर :

## *सार्वजनिक शान्ति सुव्यवस्था खलल हुने गतिविधिहरु नगर्ने तथा नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना*

*श्री आठविसकोट नगरवासी सबै ।*

२०७५ सालको हिन्दुहरुको दोस्रो ठूलो महान् पर्व तिहारको सन्दर्भमा आयोजना गरिने देउसी भैलो सदाझैं मर्यादित, अनुशासनपूर्वक एवम् सार्वजनिक शान्ति, सुव्यवस्था, अमनचयन, सामाजिक सद्भाव र सहिष्णुता कायम हुने गरी सभ्य र सुसंस्कृत ढङ्गले खेल्नु तथा खेलाउनु हुन आठविसकोट नगरवासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनी सबैमा अपिल गरिन्छ । कोही कसैले सार्वजनिक शान्ति, सुव्यवस्था, अमनचयन, सामाजिक सद्भाव र सहिष्णुता खलल हुने किसीमले गतिविधिहरु सञ्चालन गरेको पाईएमा स्थानीय प्रशासनको सहयोगमा देहाय बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ :-

१. देउसीभैलो विहान ६ बजेदेखि बेलुका ९ बजेसम्ममात्र खेल्न तथा खेलाउन पाईनेछ । सोभन्दा बाहेकको समयमा खेल्ने वा खेलाउने व्यक्तिहरुलाई स्थानीय प्रशासनको सहयोगमा नियन्त्रणमा लिई कानून बमोजिमको कारवाही र *रु पाँच हजारसम्म* जरिवाना हुनेछ ।साथै दान दक्षिणा स्वेच्छाले दिएकोमा बाहेक कोही कसैलाई करकापमा पारी वा थर्काई दान दक्षिणा तोकेर लिएको पाईएमा वा लिन खोजेमा त्यस्तो व्यक्ति वा समूहलाई *रु दश हजारसम्म* जरिवाना र कानून बमोजिमको कारवाही हुनेछ ।
२. दिपावलीको अवसरमा कोही कसैले जाँडरक्सी लागूपदार्थ सेवन गरी वा नगरी सार्वजनिक शान्ति, सुव्यवस्था, अमनचयन एवम् सामाजिक सद्भाव र सहिष्णुता विपरित कार्य गरेमा वा गर्न खोजेमा स्थानीय प्रशासनको सहयोगमा नियन्त्रणमा लिई आठविसकोट नगरपालिका मदिरा नियन्त्रण निर्देशिका, २०७५ बमोजिमको जरिवाना(*रु नौं हजारसम्म*) र कानून बमोजिम थप कारवाही हुनेछ । साथै विना इजाजत मादक पदार्थ बेचविखन गरेको पाईएमा वा विहान १० बजेदेखि साँझ ५ बजेभन्दा अन्य समयमा मदिराजन्य पदार्थ विक्रि वितरण गरेको पाईएमा वा साँझ ५ बजेदेखि साँझ ८ बजेभन्दा बाहेकको समयमा मदिराजन्य पदार्थ सेवन गरेको पाईएमा किन्ने र बेच्ने दुवैलाई नियन्त्रणमा लिई ऐ निर्देशिकामा उल्लेख भए बमोजिमको सजाय गरिनेछ ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७५/०७/१९

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर :

३. दिपावली वा मेलाजात्राको अवसरमा कोही कसैले जुवातास वा यस्तै फजुल खेल खेलेको वा खेलाएको पाईएमा वा खेल्न वा खेलाउन खोजेमा खेल्ने तथा खेलाउने दुवैलाई स्थानीय प्रशासनको सहयोगमा नियन्त्रणमा लिई बाजी कब्जा गरी ***रु दश हजारसम्म*** जरिवाना र मूलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसारको सजायको लागि कारवाहीको प्रक्रिया अगाडी बढाईनेछ ।

४. कोही कसैले अरुलाई मर्का पर्ने किसीमले वा अरुलाई देखाउने नाममा अनावश्यक तडकभडक प्रदर्शन गरेको पाईएमा त्यस्तो गर्ने व्यक्तिलाई स्थानीय प्रशासनको सहयोगमा नियन्त्रणमा लिई ***रु पाँच हजारसम्म*** जरिवाना गरिनेछ ।

५. १४ वटै वडा कार्यालयहरुले आ-आफ्नो वडामा माथि उल्लेखित व्यहोरा कार्यान्वयन गर्न तथा गराउन आवश्यक रणनीति बनाई कार्यान्वयन गर्नु तथा गराउनु हुन अनुरोध छ । साथै आ-आफ्नो समुदायमा सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न एवम् सामाजिक सद्भाव र सहिष्णुतामा खलल पुग्न नदिन सूचनामा उल्लेख भएअनुसारका गतिविधिहरु सुक्ष्म ढङ्गले निगरानी गरी सोको जानकारी तत्काल स्थानीय प्रहरी प्रशासन, नगरपालिका, जिल्ला प्रशासन कार्यालय लगायत सम्बन्धित निकायमा पठाई सहयोग गर्नु हुन समेत अनुरोध गरिन्छ ।

*पुनश्चः "समृद्ध गाउँ शहरको रहर - स्वस्थ, सफा, शान्त र सुशासनयुक्त आठविसकोट नगर" भन्ने मूल आदर्शलाई व्यवहारमा कार्यान्वयन गर्न आ-आफ्नो तर्फबाट योगदान गर्नु भई सभ्य र मूल्यवान मानवको परिचय दिई समतामूलक एवम् न्यायपूर्ण समाज निर्माणमा योगदान गर्नु हुन सबैमा अनुरोध छ ।*

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत